नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

“११% एल.बि.बि.एल डिबेन्चर २०८९” -LBBLD89 को सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०५/१३ गते बुधबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र लुम्बिनी विकास बैंक लिमिटेड बीच १० वर्ष अवधि तथा ११% वार्षिक व्याजदर भएको “११% एल.बि.बि.एल डिबेन्चर २०८९” डिबेन्चर/ऋणपत्र (LBBLD89) को क्रम संख्या नं. १ देखि १०,००,००० सम्मको अंकित तथा चुक्ता मूल्य रु.१,०००।- कायम भएको कुल १०,००,००० कित्ता ऋणपत्रको सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड ( धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक कम्पनी) मार्फत् खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा वितरण गरिएको १०,००,००० कित्ता ऋणपत्र धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०५/११ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : मिति २०८०/०५/१३ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र लुम्बिनी विकास बैंक लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनबाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको ११% वार्षिक व्याजदर भएको “११% एल.बि.बि.एल डिबेन्चर २०८९” डिबेन्चर/ऋणपत्र को दोस्रो बजारको कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं महानगरपालिका, वडा नं.३०, डिल्लीबजार, काठमाडौं रहेको छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६

मिति : २०८०/०५/१३